# स्थानीय राजपत्र

खैरहनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड (४) चितवन, चैत्र ०८, २०७७ साल अंक ८

## भाग ३

खैरहनी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ को कार्यविधि नं. ८

खैरहनी नगरपालिकामा करारमा प्राविधिक/श्रेणीविहिन कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७४ लाइ संशोधन गर्न बनेको कार्यविधि २०७७

**प्रस्तावना :** खैरहनी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७४ लाई समसामयिक सुधार गर्न उक्त कार्यविधिलाई संशोधन गर्न वाञ्छनीय भएकोले, खैरहनी नगरपालिकाको पचपन्नौ कार्यपालिका बैठक्‌बाट पुरक संशोधन गरिएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भिक :** (१) यस कार्यविधिको नाम खैरहनी नगरपालिकामा करारमा प्राविधिक/श्रेणीविहिन कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७४ लाइ संशोधन गर्न बनेको कार्यविधि २०७७ रहेकोछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिदेखि लागु हुनेछ ।

**२. कार्यविधिको दफा ४ मा नया खण्ड (ङ) कायम हुने**

माथि उल्लेखित बुँदाहरुमा जे सुकै लेखिएको भएता पनि श्रेणीविहिन कर्मचारीको हकमा देहाए बमोजिम हुनेछ ।

<u>(ङ) कार्यालय सहयोगी/श्रेणीविहिनको शैक्षिक योग्यता –</u>

<u>(१)</u> कार्यालय सहयोगी/श्रेणीविहिन कर्मचारीको हकमा सेवा प्रवेशको लागि तोकिएको न्युनतम शैक्षिक योग्यतालाईनै आधार मानि शैक्षिक योग्यता वापतको अंक प्रदान गर्ने ।

<u>(२)</u> शैक्षिक योग्यताको अंक प्रदान गर्दा श्रेणी खुलेकोमा कार्यविधिमा उल्लेख भए अनुसार र श्रेणी नखुलेको हकमा न्युनतम शैक्षिक योग्यता (तृतीय श्रेणीको) लाई आधार मानि न्युनतम अंक प्रदान गरिने छ।

<u>(३)</u>अन्तरवार्ता तथा सूचीकरण समितिले आवश्यकता अनुसार विषयगत/बस्तुगत परीक्षा संचालन गरी परीक्षालाई थप प्रतिस्प्रर्धात्मक बनाई सक्षम तथा योग्य उम्मेदवार छनौटको प्रक्रिया अघि बढाउन सक्ने छ ।

<u>(४)</u> श्रेणीबिहिन कर्मचारी छनौट गर्दा सवारी साधन चलाउन जानेको (साइकल, मोटरसाइकल) अन्य सिप भएको (कम्प्युटर) तथा सम्बन्धित विषयमा अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।